का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ भदौ २०८१,
शनिबार
17 August, 2024
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २२, अंक १८६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## सोलुखुम्बुमा भीषण बाढी

# उजाडियो थामे गाउँ

थामे पर्यटकीय क्षेत्र हो । अफ सिजन भएकाले त्यस क्षेत्रका होटलमा कुरुवाहरु मात्रै थिए । प्रहरीका अनुसार थामेमा ५० बढी घर रहेका छन् । बाढीले २० वटा घर, दुई वटा होस्टेल, एक विद्यालय भवन र एक क्लिनिक बगाएको छ ।





"हिमताल फुटेको हो वा हिम पहिरो आएको हो भन्ने एकिन भएको छैन ।"

■ **देवी पाण्डे**
**प्रमुख जिल्ला अधिकारी**
**सोलुखुम्बु**

**शिव विक/मध्यान्ह**
काठमाडौं, ३२ साउन ।

भीषण बाढीले सोलुखुम्बुको थामे गाउँ कुरुप बनाएको छ । नेपाल प्रहरीका अनुसार दूधकोशीको सहायक खोला (थामे) मा शुक्रबार दिउँसो बाढी गएको हो । बाढीले खुम्बु पासाङल्हामू गाउँपालिका वडा-५ मा पर्ने पर्यटकीय गाउँ थामे नराम्ररी प्रभावित भएको छ । स्थानीयका अनुसार केही दिनदेखि वर्षा भइसकेको थियो । शुक्रबर दिउँसो एक्कासी ठूलो बाढी आएको हो । माथिल्लो भेगमा रहेको ताल फुटेको हुनसक्ने स्थानीयको आशंका छ । थामे खोलाको बाढीले गाउँ डुबानमा परेको हो ।

जिल्ला प्रहरी कार्यालय सोलुखुम्बूका प्रमुख प्रहरी नायव उपरीक्षक द्वारिकाप्रसाद घिमिरेका अनुसार विद्यालय, पाँच वटा होटल र एउटा क्लिनिक क्षतिग्रस्त भएको छ । थामे पर्यटकीय क्षेत्र हो । अहिले अफ सिजन भएका त्यस क्षेत्रका होटलमा कुरुवाहरु मात्रै थिए । प्रहरीका अनुसार थामेमा ५० बढी रहेका छन् । अफ सिजनमा थामेका होटल सञ्चालकहरु कुरुवा राखेर काठमाडौंमा बस्ने गर्दछन् । यसकारण कुरुवाहरु मात्रै प्रभावित भएका हुन् ।

सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीका अनुसार बाढीमा परि एक जना बेपत्ता भएका छन् । २० वटा घरहरु बगाएको छ । अन्य भौतिक संरचनामा क्षति पुऱ्याएको छ । उनका अनुसार २ वटा होस्टेल, एक विद्यालय भवन र एक क्लिनिक बाढीले बगाएको छ ।

प्रमुख जिल्ला अधिकारी देवी पाण्डे हिमताल फुटेको हो वा हिम पहिरो आएको हो भन्ने एकिन भएको छैन ।

उनले भनेका छन्, ' हिमताल फुटेको हो वा हिम पृष्ठ २ मा

# काम होइन नाम फेर्दै सरकार

एक पछि अर्को प्रधानमन्त्री नामका कार्यक्रम सञ्चालित छन् । तर प्रभावकारी कार्यान्वयन हुन नसकेर जनतामा राम्रो सन्देश प्रवाह गर्न सकिरहेका छैनन् । यस्तो अवस्थामा काम फेरेर प्रभावकारी बनाउने भन्दा सरकार नामै फेरिदिनेतिर अग्रसर भएको छ ।




**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ३२ साउन ।

प्रधानमन्त्री नाममा विभिन्न कार्यक्रम सञ्चालित छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम नाममा वजेट विनियोजन हुने गरेको छ । सरकारले चालू आर्थिक वर्षमा प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम ल्याएको छ ।

एक पछि अर्को प्रधानमन्त्री नामका कार्यक्रम आएका छन् । तर, त्यसले जनतामा राम्रो प्रभाव पार्न सकिरहेको छैन । यस्तोमा काम फेरेर प्रभावकारी बनाउने भन्दा सरकार नाम फेरिदिनेतिर अग्रसर भएको हो ।

बिहीबार मात्रै प्रधानमन्त्री केपी शर्मा ओलीले प्रधानमन्त्री नामका कार्यक्रम फेरेर जनताका नाममा कार्यक्रमहरु तय गर्न सम्बन्धित मन्त्री र सचिवहरूलाई निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको बैठकमा मन्त्री, सचिवलगायतलाई निर्देशन दिँदै उनले प्रधानमन्त्रीलगायतका नामको साटो जनताका नाममा कार्यक्रम बनाउन निर्देशन दिएका हुन् ।

'कार्यक्रमहरु प्रधानमन्त्रीलगायतका ठूला नाममा राख्ने काम भयो, यही सिको गर्दै प्रदेशमा पनि मुख्यमन्त्रीसँग फलानो कार्यक्रम भनेर आएका छन् । यो परिपाटीलाई बदलेर जनतासँग रोजगारजस्ता कार्यक्रम राख्न निर्देशन दिन्छु' प्रधानमन्त्री ओलीले भनेका छन् ।

विगतमा पनि प्रधानमन्त्री नामका कार्यक्रमको पुर्नसंरचनाको घोषणा गरिए पनि ती पुर्नसंरचना हुन सकिरहेका छैनन् ।

प्रधानमन्त्री रोजगार कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र प्रधानमन्त्री नेपाली उत्पादन तथा पृष्ठ २ मा

# भ्रष्टाचारका मुद्दामा हदम्याद हटाउन लबिइङ

सरकारले भ्रष्टाचार गरेको थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा दर्ता गरिसक्नुपर्ने प्रस्तावसहितको विधेयक ल्याएको छ । यसमाथि संसदमा बहस भइरहेका बेला सरोकारवालाहरूले भ्रष्टाचारका मुद्दामा हदम्याद नराख्न सुझाएका हुन् ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३२ साउन ।

शुक्रबार तराई विकास तथा सञ्चार केन्द्र नेपालले राजधानीमा 'सुशासनको क्षेत्रमा देखिएका चुनौती' विषयक कार्यक्रम राखेको थियो । कार्यक्रममा वक्ताहरू थिए - प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा, महालेखापरीक्षक तोयम राय, राजश्व अनुसन्धान विभागका सूचना अधिकारी नवराज अधिकारी र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरे ।




सरकारले भ्रष्टाचार गरेको थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा दर्ता गरिसक्नुपर्नेप्रस्तावसहितको विधेयक ल्याएको छ । यो विधेयकमाथि छलफल चलाइरहेका प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति खतिवडा समेतलाई उपस्थित गराएर आयोजकले पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# संख्या सयको बाधा अड्काउ फुक्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३२ साउन

मन्त्रिपरिषद् बैठकले वार्षिक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीहरूको इजाजतपत्र नवीकरण गर्न वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ अनुसार बाधा अड्काउ फुकाउ आदेश जारी गरेको छ ।

मन्त्रिपरिषद्को आदेशसँगै वार्षिक सय जना कामदार वैदेशिक रोजगारमा पठाउन नसकेका म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरणको वातावरण बनेको छ । मन्त्रिपरिषद्ले आ.व. २०७९/०८० र आ.व. ०८०/०८१ गरी लगातार दुई वर्षसम्म वार्षिक सय जना नेपालीलाई वैदेशिक रोजगारमा पठाउन नसकेका इजाजतपत्र संस्थाको इजाजतपत्र आ.व. ०८१/०८२ का लागि नवीकरण गराउन आएमा अन्तिम एक पटकका लागि नवीकरण गरिदिने गरी बाधा अड्काउ फुकाउ गर्ने निर्णय गरेको हो ।

यस वर्ष समयमा मन्त्रिपरिषद्ले बाधा अड्काउ आदेश जारी नगरेका कारण व्यवसायीले ठूलो तनाव झेल्नुपरेको थियो । निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वासको मत लिनुअघि बस्ने मन्त्रिपरिषद् बैठकले सय जना नपठाउने म्यानपावरको इजाजत नवीकरणको निर्णय गर्ने वैदेशिक रोजगार व्यवसायीको अपेक्षा थियो । तर तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोल प्रसाद अर्यालले मन्त्रिपरिषद्मा लगेको प्रस्ताव फिर्ता गरेपछि असार मसान्तमा हुनुपर्ने निर्णय साउन मसान्तमा भएको छ ।

प्रत्येक असार मसान्तमा म्यानपावर व्यवसायीले इजाजत नवीकरण गर्नुपर्छ । २०७५ सालमा तत्कालीन श्रममन्त्री गोकर्ण विष्टको कार्यकालमा व्यवसायीको इजाजत नवीकरण गर्न वार्षिक पृष्ठ २ मा

### संघद्वारा वैदेशिक रोजगार क्षेत्रका प्रमुख ६ विषयमा संसदीय समितिको ध्यानाकर्षण

**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार क्षेत्रका प्रमुख ६ वटा विषयमा प्रतिनिधि सभाअन्तर्गत उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको ध्यानाकर्षण गराएको छ ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा गएको संघ प्रतिनिधिमण्डलले शुक्रबार समग्र वैदेशिक रोजगार क्षेत्रलाई सुरक्षित, व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सेवा शुल्क तथा कामदारको दायित्व तथा लागत निर्धारण, मागपत्र प्रमाणीकरण, संख्या सय समस्याको पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१ भदौ २०८१, शनिबार
17 August 2024, Saturday

# रौतहट सीमा क्षेत्रमा तस्करहरुको 'रजगज'

मनोज कुमार साह/मध्यान्ह
रौतहट, ३२ साउन

रौतहट सीमा क्षेत्रमा केहीदिन यता तस्करहरुको रजगज चल्न थालेको गुनासाहरु आउने गरेको छ ।

सुरक्षा संयन्त्रको निष्क्रियता तथा सहमतीमा हिजोआज सीमा क्षेत्रबाट राति व्यापक तस्करी हुने गरेको खुलेको हो । रौतहटको मठिया नाकाबाट धनराज, मिश्रिलाल र संजय नाम गरेका तस्कर हरूले चिनी, मल र कपडा तस्करी गरिरहेको आरोप लागेको छ ।

ति तस्करहरुले सो नाकाबाट मोटरसाइकलमा चिनी, मल र कपडा निर्वाध रुपमा ल्याएर जिल्लाको विभिन्न बजारहरुमा पु-याइरहेका छन् । रौतहटको बंकुल छोटी भन्सार वडा बंकुल,नरकटियाबाट व्यापक मात्रामा तस्करी फस्टाएको छ । रौतहटको सीमाक्षेत्रमा साना पोके तस्करदेखि ठूला संगठित तस्करहरूको सक्रियता बढेको देखिएको छ।



भारतीय सामान रौतहट छिर्ने मुख्य नाका गौर भन्सार हुँदा हुँदै जिल्लाको पश्चिमी भेगमा रहेको बंकुल बजार स्थित छोटी भन्सार बंकुलमा खटिने सशस्त्र प्रहरीका गस्ती टोली युनिटले तस्करहरूबाट मासिक रकम लिएर अवैध कारोबार सञ्चालनमा सघाइरहेको स्रोतको दाबी छ ।

सीमा वारपार हुने तस्करी नियन्त्रणको जिम्मा पाएका निकायहरूकै संलग्नता र सहयोगमा तस्करी व्यापक मात्रामा मौलाएको आरोप लाग्ने गरेको छ ।

रौतहटको मुख्य नाकाको रूपामा रहेका पाँच वटा नाका बेलबिछवा,गौर भन्सार,औरैया, रामपुर खापमा पाँच वटा बीओपी रहेका छन् । जसमध्ये गौर भन्सार,बेलबिछवा, औरैया,रामपुरखाप र बीओपी सरमुजवा लगायतका बीओपीहरुमा सशस्त्र प्रहरी निरीक्षकहरुको सरुवा र नया निरीक्षकहरु बीओपीहरुमा आउने बित्तिकै तस्कर हरुसँग साटघाट गरी राति-राति र बिहान सेटिङमा संगठित रूपमा तस्करी भइरहेको स्थानीयहरु बताउँछन् । ब्यापक तस्करीकै कारण गौर भन्सार कार्यालयले कुनै पनि वर्ष विभागले दिएको राजस्व संकलनको लक्ष्य भेट्टाउन सकेको छैन ।

जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालको वार्षिक समीक्षा

# भौतिक ९९.४८ र वित्तीय ८८.०८ प्रतिशत प्रगति

सुर्य प्रसाद भुसाल/मध्यान्ह
सन्धिखर्क, ३२ साउन

जलस्रोत सिँचाइ डिभिजन कार्यालय अर्घाखाँचीले आर्थिक वर्ष २०८०/२०८१ मा ९९.४८ भौतिक प्रगति प्रतिशत र ८८.०८ प्रतिशत वित्तीय प्रगति भएको छ ।



जलस्रोत सिँचाइ डिभिजन कार्यालय अर्घाखाँचीले सन्धिखर्कमा आयोजना गरेको वार्षिक समीक्षा गोष्ठीमा डिभिजन प्रमुख भेषराज भुसालले डिभिजन अन्तर्गत १०३ वटा योजना रहेकोमा ९४ वटा योजना सम्पन्न भएको र ५ वटा योजना बहुवर्षीय रहेकोले यस वर्ष सम्पन्न हुने बताए ।

भुसालले सञ्चित कोषमा रकम नभएको प्रदेश सरकारबाट जानकारी प्राप्त भएपछि निर्माण कार्य सम्पन्न भएका ९ वटा योजनाको १ करोड ४७ लाख १७ हजार रुपैयाँ भुक्तानी दिन बाँकी रहेको बताए ।

सिँचाइ डिभिजनमा यस वर्ष १९ करोड ९१ लाख रुपैयाँ बजेट पूर्ण रुपमा कार्यान्वयन भएको छ भने आर्थिक वर्ष २०८०/०८१ मा जलस्रोत सिँचाइ डिभिजन कार्यालय अर्घाखाँचीले ८ वटा बाँध निर्माण, १९.६२ किलोमिटर पक्की कुल्हो निर्माण, ३ वटा पोखरी निर्माण, १५ हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुधार मर्मत, १७१ हेक्टर सिँचाइ सुदृढीकरण, २.३८ किलोमिटर तटबन्धन, जिल्ला भरमा ४८ घरमा जालि भर्ने काम, १६५ हेक्टर जमिन सुरक्षित सिँचाइ योजना जस्ता महत्वपूर्ण काम सम्पन्न भएको भुसाले जानकारी दिए ।

डिभिजन कार्यालयले अर्घाखाँचीले दुईजना व्यवसायीहरुलाई सम्मान गरेको छ । लुम्बिनी निर्माण सेवाका सञ्चालक अर्घाखाँचीका वरिष्ठ निर्माण व्यवसायी नारायण पौडेलसहितका व्यवसायीहरु सम्मानित भएका हुन् ।

पौडेलले कार्यालयसँग गरेको सम्झौता भन्दा पहिला नै गुणस्तरीय काम सम्पन्न गरेको भन्दै कार्यालयले सम्मान गरेको लेखा अधिकृत शिवहरि खनालले बताए । डिभिजन कार्यालय मातहतमा रहेको शितगंगा नगरपालिका वडा नं ४ मा रहेको दमै ढुंगा सिँचाइ योजना सम्पन्न गर्ने प्युठानका निर्माण व्यवसायीलाई सम्मान गरेको हो ।

कार्यक्रममा कार्यालयद्वारा सञ्चालित तथा सम्पादितहरु विगत ६ वर्षदेखिका उपलब्धीबारे कार्यालयको प्रोफाइल नामक पुस्तक समेत प्रकाशित गरी सरोकारवालाहरुलाई वितरण गरिएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय प्रमुख कोईरालाले विकासका कामबारे संघीयता पूर्वको अवस्था र संघीयता आएपछिको अवस्थाबारे रिर्पोट बनाइ छलफल गर्नुपर्ने बताए । सिँचाइसँग सरोकार राख्ने कषि कार्यालयहरुले समन्वय गरी उपलब्धी र अवस्थाबारे प्रतिवेदन बनाउनुपर्ने अवस्था छर्लङ्ग सबैले जान्ने र बुझ्ने गरी जिल्लाको समीक्षामा प्रतिवेदन प्रस्तुत गर्न आग्रह गरे । समीक्षा कार्यक्रममा सम्पूर्ण स्थानीय तहका जनप्रतिनिधिहरुको तर्फबाट शितगंगा नगरपालिका नगरप्रमुख छविलाल पौडेल, प्रमुख जिल्ला अधिकारी सुर्य बहादुर खत्री,नेपाल पत्रकार महासंघका जिल्ला सहसचिव हृदय कुमार भुसालले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# हैजाको जोखिम : खानेपानीको नमूना संकलन



**बैतडी/मस-** बैतडीमा हैजाको जोखिम बढ्दै गएकाले यहाँका खानेपानीको नमूना संकलन गरिएको छ ।

देशका विभिन्न ठाउँमा हैजा फैलिएपछि यहाँबाट पनि खानेपानीको नमूना संकलन गरिएको छ । विभिन्न ब्राण्डका खानेपानीमै हैजाका किटाणु देखिन थालेपछि विभागको निर्देशनअनुसार खानेपानीको नमूना संकलन गरिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय बैतडीका प्रमुख ललित कठायतले बताए ।

जिल्लाको दोगडाकेदारमा रहेको नवयुग सहकारी संस्थाले उत्पादन गरिरहेको दोगडाकेदार ब्राण्डको खानेपानी उद्योगमै पुगेर नमूना संकलन गरिएको हो । यसका साथै जिल्लामा बिक्रीका लागि विभिन्न ठाउँबाट आयात गरिएका खानेपानीको नमूना संकलन गरिएको जनाएको छ । दार्चुलाको मार्मा गाउँपालिकामा उद्योग रहेको अपि स्प्रीन खानेपानी, निजी खानेपानी र लिप ब्राण्डको खानेपानीको नमूना सङ्कलन गरिएको प्रमुख कठायतले बताए ।

यसैबीच चाडपर्व नजिकिएसँगै जिल्लामा बजार अनुगमन सुरु गरिएको छ । जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा विभिन्न ठाउँमा बजार अनुगमन गरिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयले जनाएको छ ।

सदरमुकामस्थित गढी र गोठलापानीमा बजार अनुगमन गरिएको हो । गढीमा १३ वटा पसल र गोठलापानीमा ४२ वटा पसलमा अनुगमन गरिएको छ । पसलमा अनुगमन गर्दा रु दुई हजार चार सय ५० बराबरको म्याद नाघेको सामग्री बरामद गरेर नष्ट गरिएको छ ।

# नेपाल निर्माण उद्योग परिषद्को जिल्ला अधिवेशन सम्पन्न



सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, ३२ साउन

नेपाल निर्माण उद्योग परिषद्को जिल्ला अधिवेशन सम्पन्न भएको छ । निर्माण व्यवसायीहरुसँग सरोकार राख्ने नेकपा एमाले पार्टीको भातृ संगठनको रुपमा रहेको नेपाल निर्माण उद्योग परिषद्ले शुक्रबार जिल्ला कमिटी विस्तार गरेको छ । पार्टी कार्यालय गौरमा आयोजित कार्यक्रमका बीच परिषद्को पहिलो जिल्ला अधिवेशन सम्पन्न भएको हो । पार्टीका केन्द्रीय सदस्य अजय कुमार गुप्ताको प्रमुख आतिथ्यमा आयोजना भएको सो कार्यक्रमबाट ११ सदस्यीय जिल्ला नेतृत्वको समेत चयन भएको छ । निर्माण व्यवसायी समेत रहेका मो. ज्याउल हक अध्यक्ष रहने गरी ११ सदस्यीय कमिटी तयार भएको हो । अधिवेशनबाट चयन भएकाहरुलाई कार्यक्रमका अतिथिहरुले गमछा र माला लगाइ शुभकामना तथा बधाइ समेत दिएका थिए ।

# चरिकोटमा एकदिने बृहत् लाखे प्रदर्शनी हुँदै



राजकुमार भुजेल/मध्यान्ह
दोलखा, ३२ साउन

दोलखामा एकदिने बृहत् लाखे प्रदर्शनी हुने भएको छ । लालिगुराँस युवा क्लब चरिकोटको आयोजना तथा भिमेश्वर नगरपालिकाको प्रवर्द्धनमा आउँदो भदौ ६ गते दोलखालगायत विभिन्न सात जिल्लाको लाखे नाच प्रदर्शन गर्ने गरी बृहत् लाखे प्रदर्शनी हुने भएको हो ।

शुक्रबार भिमेश्वर नगरपालिकाका प्रमुख ईश्वर नारायण मानन्धरलगायत स्थानीय जनप्रतिनिधि र संस्थाका पदाधिकारीले महोत्सवको ब्यानर सार्वजनिक गर्दै यसबारे जानकारी दिए । योसँगै महोत्सवको औपचारिक प्रचारप्रसार शुरु भएको क्लबका अध्यक्ष प्रविन श्रेष्ठले बताए । उनका अनुसार क्लबले जिल्लाको जिरी, मैनापोखरी, मागापौवा, किर्नेटार, सिंगटी, ॐलगायत विभिन्न ठाउँमा लाखे नाच प्रदर्शन गर्दै आएको छ ।

नगरप्रमुख मानन्धरले सदरमुकाम चरिकोटमा आयोजना हुँदै आएको लाखे नाच प्रदर्शनीले विभिन्न जिल्लाका नेवार समुदायको कला-संस्कृति एकै स्थानमा देख्न, हेर्न पाइनुका साथै संस्कृति जगेर्नामा योगदान पुग्ने बताए । प्रदर्शनीको नारा 'हाम्रो संस्कृति हाम्रो पहिचान, पर्यटन प्रवर्द्धनमा हाम्रो अभियान' राखिएको छ ।

## उजाडियो...

पहिरो आएको हो भन्ने एकिन भएको छैन ।' स्याटेलाइटबाट हेर्दा समेत कमजोर भिजिवलिटिका कारण अवस्था एकिन गर्न सकिएको छैन ।

स्थानीयलाई सुरक्षित स्थानमा सारिएको छ । सुरक्षाका सबै व्यवस्था मिलाएको छ ।

आज शनिबारदेखि विज्ञसहितको टोलीले थामे खोलामा गएको बाढीबारे अध्ययन गर्नेछ । राष्ट्रिय विपद् व्यवस्थापन तथा न्यूनिकरण व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सीईओ) अनिल पोखरेलसहित विज्ञहरुको टोलीले अध्ययन गर्न लागेको हो ।

टोलीले शुक्रबारै त्यसतर्फ जाने प्रयास गरेको थियो । तर, मौसमका कारण नेपाली सेनाको हेलिकोप्टर त्यसतर्फ जान नसकेको बताइएको छ । बाढी आएको स्थानतर्फ जाने विज्ञसहितको टोलीले बाढीको स्रोत पत्ता लगाउनेछ ।

हिमपहिरो हो वा अन्य कुनै कारणले आएको हो भन्ने कुरा निर्क्योल गर्न विज्ञहरुको टोलीले अध्ययन गर्न लागेको हो ।

## काम...

उपभोग अभिवृद्धि कार्यक्रममा खर्चिएको बजेटले राम्रो प्रतिफल दिन नसकिरहेका बेला सरकारले नामै फेर्न लागेको हो ।

सरोकारवालाहरूका अनुसार प्रधानमन्त्रीको नाममा रहेका कार्यक्रमको कार्यान्वयन अवस्था, प्रगति र उपलब्धिबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले प्रतिवेदन लिए पनि प्रभावकारी बनाउन पहल हुने गरेको भएको छैन ।

१ फागुन २०७५ मा प्रधानमन्त्री रोजगार कार्यक्रम घोषणा भएको थियो ।

'उत्पादनशील रोजगारी सिर्जना गर्ने र श्रम बजारको नतिजामा सुधार गर्ने उद्देश्यसहित कार्यक्रम ढाँचामा परिमार्जन गरिनेछ', बजेटमा भनिएको थियो । तर, यसको प्रभावकारिताबारे जनस्तरमा प्रश्न छ ।

कार्यक्रमको अधिकांश रकम साना टुक्रे काममा खर्च हुँदै आएकोले कतिपयले प्रश्न उठाएका हुन् । महालेखा परीक्षकको कार्यालयले समेत आफ्नो प्रतिवेदनमा यो कार्यक्रमले दिगो रोजगारी सिर्जना र पुँजी निर्माणमा योगदान नगरेको औंल्याउँदै आएको छ ।

प्रधानमन्त्रीको नाममा चलेको अर्को अनुदानमा आधारित कार्यक्रम- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत कृषि उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउने लक्ष्य राखिएको थियो । देशैभर बाली र कृषि वस्तुको जोन, सुपर जोन, पकेट र ब्लक बनाएर कृषक र कृषिको जीवनस्तर उकास्ने उद्देश्यले २०७३ सालमा यो परियोजना सुरु गरिएको थियो । यसको पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको भनेर आलोचना हुने गरेको छ ।

आर्थिक वर्ष २०७९/८० को बजेटमा घोषणा गरिएको प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रमको अवस्था पनि प्रभावहिन रहको छ । नेपाली उत्पादनको वृद्धि, रोजगारी सिर्जना र निर्यात लक्षित व्यापार अभिवृद्धिका लागि यो कार्यक्रम घोषणा गरिएको थियो । तर, बजेटको अप्रयाप्ताका कारण उदेश्यअनुसार काम भएको छैन ।

एक पछि अर्को प्रधानमन्त्री नामका कार्यक्रम सञ्चालित छन् । तर, प्रभावकारी कार्यान्वयन हुन नसकेर जनतामा राम्रो सन्देश प्रवाह गर्न सकिरहेका छैनन् । यस्तो अवस्थामा काम फेरेर प्रभावकारी बनाउने भन्दा सरकार नामै फेरिदिनेतिर अग्रसर भएको हो ।

## भ्रष्टाचारका...

'सुशासनको क्षेत्रमा देखिएका चुनौती'हरुको विषयमा बहस चलाएको हो ।

भ्रष्टाचारको अनुसन्धानमा पाँच वर्षे हदम्याद राख्ने सरकारी प्रस्तावबारे संसदमा बहस भइरहेका बेला सरोकारवालाहरूले भने भ्रष्टाचारका मुद्दामा हदम्याद नराख्न सुझाए ।

राज्य व्यवस्था समितिका सभापति खतिवडाले देशमा सुशासन कायम गर्न वर्तमान सरकार सफल हुने विश्वास व्यक्त गरे ।

सुशासनको अवस्था, भ्रष्टाचार नियन्त्रण तथा सुशासनमा राज्य व्यवस्था समितिले खेलिरहेको भूमिकाबारे आफ्नो धारणा राख्दै उनले देशका नियामक निकायका कर्मचारी, कार्यकारी प्रमुखहरू र विभिन्न संस्थाहरुलाई आम जनतालाई कष्ट नहुने गरी कानूनसम्मत रुपमा कार्य गर्न आग्रह गरे ।

समितिमा भ्रष्टाचार निवारण शंशोधन विधेयक माथि भएको छलफलमा भ्रष्टाचारका मुद्दामा हदम्याद राख्नुपर्ने विषय उठान भएको उल्लेख गर्दै उनले पाँच वर्षको हदम्याद नराखि निलम्बनको नीतिलाई प्राथमिकता दिने औंल्याए । यो विषयमा पूर्व प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग समेत आफ्नो छलफल भएको सुनाए ।

महालेखापरीक्षक तोयम रायले नेपालमा सुशासनको अवस्था र महालेखा परीक्षक कार्यालयको महत्वपूर्ण योजनालगायतका विषयमा ब्रिफिङ गरे ।

महालेखापरीक्षकको कार्यालयले गरेको अडिटको विषयमा राम्ररी छलफल हुने हो भने सुशासनका क्षेत्रमा भइरहेका कमजोरी थाहा पाउन सकिने बताए ।

देश संघीयतामा प्रवेश गरेपछि विभिन्न ऐनहरु तत्काल पारित हुनुपर्ने भइपनि ऐन पारित हुनमा ढिलाइ हुँदा समेत समस्या भएको बताए । सुशासन कायम गर्न सबैले आफ्नो-आफ्नो क्षेत्रबाट लाग्नुपर्नेमा उनको जोड रहेको छ ।

राजश्व अनुसन्धान विभागका सूचना अधिकारी नवराज अधिकारीले राजश्व प्रशासनिक क्षेत्रमा देखिएका चुनौतीका बारेमा आफ्ना भनाइ राखे ।

आमनागरिकले अनुभूत गर्ने किसिमको शासन नै सुशासन भएको उनको भनाइ छ । उनले हिंसारहित अवस्था सिर्जना गरी जनताको आवाज सुन्ने, दण्डहीनताको अन्त्य र लोकतन्त्रको लाभलाई जनतासम्म पुर्याउन सके सुशासन कायम हुने बताए । साथै भ्रष्टाचारको अन्त्य नै सुशासन भएको पनि उनको भनाइ थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरेले सुशासन कायममा अख्तियारका चुनौतीका विषयमा आफ्नो धारणा राखे । उनले भ्रष्टाचारका विषय अख्तियारमा पुग्नु अघि नै सञ्चार माध्यमबाट प्रकाशित हुने गरेको बताए । उनले कानूनी रूपमा अघि बढ्न पर्ने विषयमा पनि जनताहरूले सम्बन्धित निकायमा सम्पर्क गर्नुको साटो सामाजिक सञ्जालमा हाल्न रुचाउने प्रबृति बढेको बताए । यस्तो प्रबृतिले प्रशासनिक निकायको विश्वासमा आँच आउन सक्ने उनको चिन्ता छ ।

## संख्या...

सय जना कामदार पठाउनुपर्ने कानूनी व्यवस्था आएको हो । तर उक्त कानूनी व्यवस्था हालसम्म एक पटक पनि कार्यान्वयनमा आएको छैन । कतिपय अधिकारकर्मीले संख्या तोकेर म्यानपावर कम्पनीलाई विदेशमा कामदार पठाउन बाध्या पार्नु र त्यसैलाई आधार बनाएर व्यवसायीको इजाजत नवीकरण नहुने कानूनी व्यवस्था गर्नु अत्यन्तै अव्यवहारिक कदम भएको टिप्पणी गरिरहेका छन् ।

मन्त्रिपरिषद्ले गरेको निर्णय राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयनमा आउने प्रावधान छ । वार्षिक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएका कम्पनीको इजाजतपत्र नवीकरणका लागि व्यवसायीको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र विभिन्न राजनीतिक दल निकट संघसंस्थाहरूले निरन्तर पहल गरिरहेका थिए । मन्त्रिपरिषद्को निर्णयपछि संघले सबैलाई धन्यवाद व्यक्त गर्दै आभार व्यक्त गरेको छ ।

## संघद्वारा...

पूर्णकालीन अन्त्य, वैदेशिक रोजगार ऐन २०६४ समय सापेक्ष संशोधन र महिला कामदार पठाउन रहेको समस्या समाधानका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई उचित निर्देशन दिन आग्रह गरेको महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए ।

यसका अतिरिक्त वैदेशिक रोजगारीमा जाने श्रमिकहरूलाई पूर्वप्रस्थान अभिमुखिकीकरण तालिम प्रदायक संस्थामा वैदेशिक रोजगार विभागबाट भएको अनुगमन तथा कारबाही, श्रमसँग सम्बन्धित कानून समसामयिक बनाउने सम्बन्धमा मन्त्रालयको तयारी र हवाई टिकट आपूर्तिमा भएको आर्थिक अनियमितताका सम्बन्धमा ईपीएस मार्फत दक्षिण कोरिया जाने कामदारहरूबाट प्राप्त उजुरीमाथि पनि छलफल भएको समितिले जनाएको छ ।

छलफलमा श्रममन्त्री शरतसिंह भण्डारीसहित सचिव मुकुन्द निरौला पनि सहभागी रहेका थिए ।

# राप्तीमा बैकुण्ठधाम निर्माणको पहल कात्तिकमा महायज्ञ गरिने



**बाँके/मस-** बाँके जिल्लामा हिन्दूहरुका लागि अर्को अतिआवश्यक पवित्र अभियान थालनी गरिएको छ । राप्ती नदीको सिधनियाघाटमा मृतकका आफन्त र मलामीहरुका लागि स्थानीय सामाजिक अभियन्ताहरुको अग्रसरतामा बैकुण्ठधाम बनाउने अभियान थालेका हुन् ।

केही वर्ष अघि सिधनियाघाटमा गुल्मेली समाजको स्वामित्व भएको जमीनमा शाक्य समाजको अग्रसरतामा निर्माण गरिएको अन्तिम दाहसंस्कारमा शवदाह गर्ने टिला र विश्रामस्थल राप्ती नदीको धार बदलिएर प्रयोग विहीन अवस्थामा रहेकोले मृतकका आफन्त र मलामीमा जानेहरुले चर्को घाम र वर्षा याममा ठुलो सास्ती भोग्दै आएका छन् ।

सिधनियाघाटमा निर्माण गरिने बैकुण्ठधामको निर्माणका लागि वाचन शिरोमणी पण्डित दिनबन्धु पोखरेलको सहभागितामा नेपालगन्जमा 'बैकुण्ठधाम आध्यात्मिक महोत्सव' आयोजना गरिने जानकारी दिइएको छ ।

बाँकेको डुडुवा गाउँपालिका-५, कम्दी स्थित सिधनियाघाटमा बैकुण्ठधाम निर्माणका लागि आगामी कात्तिक २२ गतेदेखि ३० गतेसम्म नेपालगन्ज स्थित रामलि मैदानमा उक्त आध्यात्मिक महोत्सव हुने भएको छ ।

बैकुण्ठधाम धार्मिक महोत्सव नाम दिइएको उक्त महायज्ञको लागि डा.सुरेश कुमार कनौडियाको अध्यक्षतामा ३ हजार १ जना सदस्य रहेको मूल आयोजक समिति गठन गरिएको छ । अध्यक्ष डा. कनौडियाद्वारा विहीवार जारी विज्ञप्तिका अनुसार समितिमा विभिन्न तह र तप्काका व्यक्ति, धार्मिक तथा गैर धार्मिक संघ संस्था, राजनीतिक दल तथा स्थानीय तहहरुको समेत प्रतिनिधित्व गराइएको छ ।

'गाउँ गाउँबाट उठौं, बस्ती बस्तीबाट जुटौं, यो महान अभियानमा कोही कतैबाट नछुटौं' नाराका साथ शुरु गरिने 'बैकुण्ठधाम आध्यात्मिक महोत्सव' सफल तुल्याउन वित्रप्ति मार्फत आव्हान गरिएकोछ ।

बैकुण्ठधाम सिधनीयाघाट व्यवस्थापन समितिका कोषाध्यक्ष समाजसेवी कृष्ण प्रसाद श्रेष्ठका अनुसार बैकुण्ठधाम निर्माणका लागि समितिले सिधनीयाघाटमा १२ कट्ठा जमीन खरीदका लागि पेस्की दिएको र थप १९ कट्ठा जग्गा खरीद गर्ने योजना छ ।

यसैबीच शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उक्त बैकुण्ठधाममा ब्रम्हनाल, किरियापुत्री घर, मन्दिर, पार्क, धारा, प्रतिक्षालय, काठ गोदाम, पूजा सामाग्री पसल, सार्वजनिक शौचालय बनाउने योजना अघि सारिएको छ । वाचन शिरोमणी पण्डित पोखरेलले व्यवस्थित तरिकाले महायज्ञ गर्न सकेमा २० करोड रकम संकलन हुने उद्घोष गरे । महायज्ञमा प्रवचनसँगै शालिकरामको दर्शन, ब्रतवन्ध, विवाह, चौरासीपूजा, रुद्री, ग्रहशान्ति गरिने छ ।

मूल आयोजक समितिको उपाध्यक्ष भोला महत, सचिव विकास आचार्य, सहसचिव उमा थापामगर चन्द, कोषाध्यक्ष कृष्णप्रसाद श्रेष्ठ, सदस्यहरुमा डा. बद्री चापागाई, डाक्टर किर्तिपाल सुवेदी, पर्यटन व्यवसायी श्रीराम सिग्देल लगायत रहेका छन् ।

वाचन शिरोमणी पण्डित दिनवन्धु पोखरेल लगायतको टिमले बैकुण्ठधाम निर्माण स्थल राप्ती नदीको सिधनियाघाटको निरीक्षण गरेको थियो ।

# नेपाल प्रहरीमा जागिर छाड्ने बढ्दै : पाँच वर्षमा कर्णालीमा ३८९ जनाले दिए राजीनामा

**कुलेन्द्र शाही / मध्यान्ह**
सुर्खेत, ३२ साउन

सरकारी जागिरमा एकपटक नाम निकालिसकेपछि हत्तपत्त छाड्ने गरेको पाइँदैन, तर कुनै बेला जागिरका लागि राम्रो विकल्प मानिएको नेपाल प्रहरीमा भने त्यो लागू हुँदैन । प्रहरीमा राजीनामा दिएर जागिर छाड्नेको संख्या दिनानुदिन बढिरहेको छ ।

नेपाल प्रहरीको तथ्यांक हेर्ने हो भने हरेक वर्ष जागिर छाड्नेहरूको संख्या बढेको देखिन्छ । जसको प्रभाव कर्णाली प्रदेशमा पनि देखिएको छ। कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांकअनुसार आर्थिक वर्ष २०७६/०७७ देखि २०८०/०८१ सम्म ३ सय ८९ जनाले प्रहरीको जागिरबाट राजीनामा बुझाएका छन्। तिमध्ये दर्जागतरूपमा धेरैजसो प्रहरी हवल्दार दर्जाका रहेका छन् ।




हवल्दार दर्जाका १ सय ५७ जनाले राजीनामा दिएको कर्णाली प्रदेश प्रहरी कार्यालयले दिएको तथ्यांकमा उल्लेख गरिएको छ । प्रहरी सहायक निरीक्षक दर्जाका ८० जना, प्रहरी जवान दर्जाका ५९, प्रहरी नायब निरीक्षक दर्जाका ३२, प्रहरी वरिष्ठ हवल्दार दर्जाका २३, प्रहरी सहायक हवल्दार दर्जाका २०, प्रहरी कार्यालय सहयोगी दर्जाका ११ र वरिष्ठ नायब निरीक्षक दर्जाका ७ जनाले राजीनामा दिएको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी उपरीक्षक विनोद शर्माले जानकारी दिए ।

प्रहरी उपरीक्षक शर्माले अधिकांशले घरायसी समस्याले राजीनामा दिने गरेको बताए । 'सबैले घरायसी समस्या भन्दै जागिर छोड्छन्,' उनले भने 'अरु समस्या भएपनि घरायसी समस्या देखाउँदै राजीनामा दिएको देखिन्छ।' प्रहरीका अनुसार महँगी र कार्यबोझअनुसार सेवासुविधा नपाउनु, उमेर छँदै वैदेशिक रोजगारीमा राम्रो अवसर खोजेर जानु, संगठनभित्र राजनीतिक हस्तक्षेप बढ्नु र संगठनभन्दा बाहिर राम्रो अवसर पाउनुले पनि प्रहरीले राजीनामा दिने गरेका छन् ।

'बाहिर नदेखिए पनि भित्रीरुपमा राजनीतिक हस्तक्षेप हुँदा पनि राजीनामा बुझाउने गरेको छन्,' उनले भने। अपवादका रूपमा मात्रै सरुवा/बढुवामा चित्त नबुझेर प्रहरीले राजीनामा दिने गरेको उनको भनाइ छ । यस्तै पारिवारिक बोझका कारण बाहिरै राम्रो आम्दानी देखेपछि पनि प्रहरीले राजीनामा दिने गरेको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ। तल्लो तहका प्रहरी कर्मचारीले आफ्नो ऊर्जाशील उमेर आम्दानीसँग जोडेर हेरेका कारण पनि राजीनामा दिने गरेको बुझाइ प्रहरीको छ । कतिपय अवस्थामा पटक-पटक कारबाहीमा परेर बढुवा हुने ढोका बन्द हुने देखेपछि पनि राजीनामा दिने गरेको प्रहरी उच्च स्रोतको भनाइ छ ।

# नक्कली सिभिल इन्जिनियर पक्राउ

**बिन्द्र राई / मध्यान्ह**
उदयपुर, ३२ साउन

उदयपुरमा नक्कली सिभिल इन्जिनियर पक्राउ परेका छन्। प्रहरीले सर्लाही गडहिया-४ बस्ने ३४ वर्षीय रोशन अधिकारी भन्ने जवराहिल मन्सुरीलाई बिहीबार गाईघाटबाट नक्कली कागज पत्रसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जानकारी दिएको छ ।

प्रहरीले पक्राउ परेका उनको साथबाट भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय नापी विभाग, नापी कार्यालय स्याङ्जाको च.नं.२६ २०७७ वैशाख १५ गतेको पत्रले रोशन अधिकारीको नाममा जारी भएको स्थायी नियुक्ति पत्र र सडक विभाग बबरमहल काठमाडौंबाट जारी भएको रोशन अधिकारीको नामको सिभिल इन्जिनियर (अधिकृत छैटौं) कर्मचारी परिचय पत्र बरामद गरेको जनाएको छ । पक्राउ परेका मन्सुरीविरुद्ध लिखतसम्बन्धी कसुरअन्तर्गत थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

# नेपालगञ्जमा किरिया पुत्री भवनले पूर्णता पाउँदै

**पवन जायसवाल / मध्यान्ह**
नेपालगन्ज, ३२ साउन

हिन्दू धर्मावलम्बीहरुका लागि जीवनको अन्तिम दाहसंस्कार गरेपछि १३ दिनसम्म धार्मिक संस्कार अनुसार मृतकका आफन्तहरु किरिया बस्नु पर्दछ । तर, करिया बस्नका लागि पश्मिम नेपालकै प्रमुख शहर नेपालगन्जमा अहिलेसम्म कुनै पनि सार्वजनिक स्थल र सुविधा उपलब्ध



छैन। नेपालका अन्य ठूला शहरहरुमा भने यस खालका सुविधाहरु उपलब्ध छन् । विशेष गरेर नेपालगन्ज बाहिरबाट आएर भाडामा बस्ने सर्वसाधारण नागरिकका लागि अतिआवश्यक किरिया पुत्री भवन नभएकोले किरिया बस्नकै लागि र हिन्दू धर्म संस्कार र परम्परा अनुसार अन्तिम कर्म गर्नका लागि नेपालगन्ज बाहिर जानुपर्ने वा अन्यत्र व्यवस्था गर्नुपर्ने बाध्यता रहँदै आएको छ ।

# राससको सेवालाई थप परिष्कृत र परिमार्जित गर्दै लैजान्छौं : अध्यक्ष झा



**काठमाडौं / मस**–राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले सेवाग्राही सञ्चारमाध्यमले दिएका सुझाव र सल्लाहलाई आत्मसात् गरी आफ्ना सेवालाई थप स्तरोन्नति गर्दै लगिने विश्वास दिलाएका छन् ।

रासस केन्द्रीय कार्यालयमा शुक्रबार आयोजित 'रासससँग सेवाग्राहीका अपेक्षा' विषयक अन्तरक्रियामा अध्यक्ष झाले विभिन्न मातृभाषामा समाचार सम्प्रेषण र समाचार गुणस्तर सुधारलाई उच्च प्राथमिकता दिइरहेको स्पष्ट पारे । 'विगतका तुलनामा सेवा विविधीकरण र गुणस्तरीय सेवा प्रवाहमा हरतरहले प्रयास गरिएको छ,' उनले भने, 'आगामी भदौदेखि चौबिसै घण्टा समाचार सम्प्रेषण गर्ने तयारी गरिएको छ ।'

राससले समाचार उपलब्ध गराउँदै आइरहेको वेबसाइटलाई छिट्टै ग्राहकमैत्री बनाइने जनाउँदै अध्यक्ष झाले सेवाग्राहीले दिएका सुझावका आधारमा सेवालाई थप परिष्कृत र परिमार्जित गर्दै लगिने प्रतिबद्धता व्यक्त गरे । उनले संस्थाको सबैभन्दा ठूलो विश्वास र सम्पत्ति सेवाग्राही भएकाले उनीहरूका राय, सुझाव र परामर्श लिनका लागि वार्षिक 'क्यालेन्डर' नै बनाइएको जानकारी दिए ।

महाप्रबन्धक सिद्धराज राईले राससका सेवा गुणस्तर अभिवृद्धि, समाचार र तस्बिरको एकीकृत सम्प्रेषण, अन्तर्राष्ट्रिय समाचारको ठेट अनुवाद र चाँडो समाचार सम्प्रेषण होस् भन्ने सेवाग्राहीको सुझावलाई संस्थाले आत्मसात् गर्ने प्रतिबद्धता व्यक्त गरे ।

रासस सञ्चालक सदस्य डिल्लीराम भट्टराईले सेवाप्रवाहमा देखिएका कमीकमजोरीलाई सुधार्ने पाटोमा राससले ध्यान दिँदै गुनासालाई सुन्ने परिपाटीलाई स्थायी रूपमा लैजानुपर्ने बताए । नायब महाप्रबन्धक श्याम रिमालले राससबाट उपलब्ध भइरहेको सबै सेवाबारे सेवाग्राही सञ्चारमाध्यमलाई अवगत रहेको उल्लेख गर्दै पछिल्ला समय मातृभाषा र गुणस्तरीय सेवा उपलब्ध गराउन दत्तचित्त रहेको बताए ।

अन्तरक्रियामा सेवाग्राही सञ्चारमाध्यमका तर्फबाट प्रतिनिधिहरुले रासस सेवाका महत्वपूर्ण अंशका रुपमा रहेको भिडियो सेवालाई प्रभावकारी बनाउन व्यवस्थापनले विशेष ध्यान पुर्‍याउनुपर्नेमा जोड दिँदै समयमै समाचार उपलब्ध गराउने, भाषा शुद्धतालाई ख्याल गर्ने, समाचार अनुरुपको श्रव्य र तस्बिरलाई एकीकृतरुपमा उपलब्ध गराउन सुझाव दिए ।

सरकार र राजनीतिक दलका भाषणभन्दा मानवीय अभिरुचीका अन्य पक्षका सामग्री र विषयवस्तु सम्बन्धित समाचार सम्प्रेषणमा ध्यान दिन सुझाव दिँदै उनीहरूले राससप्रतिको विश्वसनीयताको पक्षलाई मर्न नदिने गरी काम गर्न आग्रह गरे ।

सो अवसरमा नायब महाप्रबन्धक राजु शाक्य, नायब महाप्रबन्धक तथा समाचार महाशाखा प्रमुख सोमनाथ लामिछाने, प्रधान सम्पादक उत्तम सिल्वाल, आलेख शाखा प्रमुख कृष्ण अधिकारी, अंग्रेजी शाखा प्रमुख दीपराज सन्याललगायतले राससको समाचार सेवाको गुणस्तर अभिवृद्धि गर्ने सन्दर्भमा सेवाग्राहीले दिएका सुझाव मननयोग्य रहेकाले कार्यान्वयन गर्दै लगिने प्रतिबद्धता व्यक्त गरे ।


## कंग सामुदायिक वन उपभोक्ता समुह त्रियुगा नगर पालिका-२ र १,उदयपुरको
### काठ, दाउरा लिलाम विक्री सम्बन्धी सूचना
**दोस्रो पटक प्रकाशित मितिः २०८१/०५/०१**

सगरमाथा विमानस्थल निर्माणको क्रममा आ.व. २०७९/०८० मा यस समुहको वनक्षेत्रमा कटान, मुछान भई समुहलाई हस्तान्तरण भएका लट नं. २ देखि २६ तथा लट नं. २८ र २९ सम्मका साल जातका गोलिया थान ३९६१ को १६५९७.७७ क्यू.फि., लट नं. ३० देखि ४९ सम्मका साल जातका बल्लाबल्ली थान ४६४० को १११२७.३० क्यू.फि., लट नं. ५०, ५१, ५३, ५४, ५५ र ५६ सम्मका अन्य जातको गोलिया थान ३६८ को ३०५९.३८ क्यू.फि. काठ बोलपत्र प्रकृयाद्वारा समूह बाहिर विक्रि वितरण गर्नु पर्ने भएकाले यो १५ दिने सूचना प्रकाशित गरिएको छ। भ्याटमा दर्ता भएका र वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएका इच्छुक काष्ठ तथा भेनियर उद्योगहरुले श्री डिभिजन वन कार्यालय उदयपुर र समुहको कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म बोलपत्र खरिद गरि १६ औं दिनको दिन रितपूर्वक खरिद गरेकै निकायमा शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ। विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ।



## यूएईमा रोजगार | कम्पनी: BAB ALNAUBA FOR GLASS & ALUMINUM INSTALLATION & MAINTENANCE EST
शहर: Dubai
पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३६२६ LT. No.:308999

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assit. Plumber | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter Assistant | 1 | 0 | | 1100 | ४०,१३५ | | | | | | | |
| 3. | Panter | 3 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |
| 4. | Plumber | 4 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ८ गते (24 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NIWIDA CONCERN PVT. LTD.
Govt. Lic. No.: 711/064/065
Sinmangal-9, Kathmandu, Tel : 4470711, 4470811
E-mail: info@niwidaconcern.com,Web.: www.niwidaconcern.com



## साईप्रसमा रोजगारको अवसर | कम्पनी: DELTA YIANNAKIS SERVICES LTD
शहर :CYPRUS
पूर्व स्वीकृत मिति:२०८०/१०/१७ चलानी नं.: ६०२१४१२५ LT. No.: 298856 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 9 | स. काममा दक्ष | 400 | ५९,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ८ गते (24 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४५,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


सक्षम ह्युमन रिसोर्सेज प्रा.लि.
इजाजत नं. ९२७/०६७/०६८
३०५/२५ एशोर्य मार्ग, कोटेश्वर-३५, काठमाडौं ,नेपाल, फोनः 01- 5100754, Mobile: 9813106163
Email: excelnp1@gmail.com, sakshamhr@gmail.com/ Website: www.shrnepal.com



## यूएईमा रोजगार
कम्पनी : SOBHA CONSTRUCTION L.L.C
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३७०० LT. No.: 309122

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Block Mason | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Masons | 50 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |
| 3. | Helper | 50 | 0 | | 800 | २९,१९२ | | | | | | | |
| 4. | Steel Fixer | 50 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |

कम्पनी : SOBHA CONSTRUCTION L.L.C
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३७०१ LT. No.: 309120

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 100 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,१९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steal Fixer | 100 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |

**अन्तर्वार्ता तिलोत्तमा ट्रेनिङ सेन्टर, बुटवलमा २०८१ भदौ ८ गते (24 August 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता सान ट्रेनिङ सेन्टर, कपिलवस्तुमा २०८१ भदौ ८ गते (24 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


SAAN NEPAL (P.) Ltd. (A manpower consultant)
SAAN NEPAL Pvt.Ltd.
Gov. Lic. No. 734/064/065
Battisputali-9, Kathmandu, Tel.: 01-4584977, 4585077.
Email: managersaan@gmail.com | Website: www.saannepal.com.np



## साउदीमा रोजगार
कम्पनी: AHMED BIN MOHAMMED BIN FARRAJ BALHARITH GENERAL CONTRACTING ESTABLISHMENT
शहर: RIYADH
पुर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३६११ L.T. No.: 308836

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 3 | 0 | स. काममा दक्ष | 2500 | ८९,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ भदौ ९,१०,११,१२ गते (25,26,27,28 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


INNOVATIVE HUMAN RESOURCE DEVELOPMENT PVT. LTD.
श्रम इजाजत नं. ८१५/०६६/०६७
Kupondole, Lalitpur, Tel.: Tel : 01-5180193, 01 5430829, 9851065591 9851243720 | Fax: 01-5530829, Email: innovative815@gmail.com



## यूएईमा रोजगार
कम्पनी: PROWORKS RECRUITMENT SERVICES
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३७०३ LT. No.: 309117

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 200 | 0 | स. काममा दक्ष | 800 | २९,१९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ८ गते (24 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


Nice Recruiting Agency Pvt. Ltd.
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu , Tel : 01-4957256, Mob: 9741690732, 9829217688, 9851100368
Website nicemanpower.com. E-mail: nicerecruitingagency1062@gmail.com



## साउदीमा रोजगार | कम्पनी : IDAB COMPANY FOR GENERAL CONTRACTING LTD
शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३६६० LT. No.: 309031

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Road Maintenance Workers | 3 | 0 | | 1000 | ३५,७१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ९ गते (25 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.
श्रम इजाजत नं. ५२३/०६१/०६२
